नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : २०७ ८१०७९
चलानी नं.: ६९०

फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००११२२२४
टेकु, काठमाडौं

मितिः २०७८।११।१८

**विषयः सदस्यता दर्ता र सेवा शुरू हुने समय अनुसार विवरण प्रविष्ट गर्ने सम्बन्धमा ।**

श्री जिल्ला दर्ता अधिकारीहरू (सबै)
जिल्ला सम्पर्क कार्यालय (७७ वटै)

स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम स्वास्थ्य बीमामा बीमित हुने नागरिकको फोटो सहितको विवरणहरू कतिपय जिल्लाहरूबाट समयमा प्रविष्ट नगरिएकोले तोकिएको समयमा सेवा प्राप्त गर्न ढिला भएको भन्ने गुनासो प्राप्त हुन थालेकोले समयसिमा भित्रै त्यस्ता विवरणहरू प्रविष्ट गर्ने कार्य गर्नु होला । यदि कहींकतै त्यस्तो भएको पाईएमा नियमानुसार कारबाही हुने व्यहोरा जानकारी गराईन्छ। अतः यसलाई व्यवस्थित बनाउनको लागि मिति २०७९ भाद्र साईकल देखि लागु हुने गरि तपसिल बमोजिम IMIS Software मा समेत परिमार्जन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपसिल

क) प्रत्येक महिनाको २५ गते विवरण संकलन गरिसक्ने र सो विवरण अर्को महिनाको ७ गते भित्र IMIS Software मा अनिवार्यरूपमा प्रविष्ट गरि स्वास्थ्य बीमा नियमावली, २०७५ को अनुसूची-१३ बमोजिमको ढाँचामा मासिक प्रतिवेदन पठाउने ।

ख) सेवा सूचारू हुने महिनाको अघिल्लो दिन राति १२.०० बजे पछि उक्त साईकलमा संकलन भएको विवरण IMIS Software मा प्रविष्ट गर्न नमिल्ने । (उदाहरणको लागि जेष्ठ १ गते सुचारू हुने सेवाको विवरण बैशाख महिनाको अन्तिम दिन राति १२.०० बजे सम्म प्रविष्ट गरिसक्नु पर्ने अन्यथा IMIS Software बाट स्वाचालितरूपमा बन्द (Block) हुनेछ ।

(शोभित रिजाल)
शाखा अधिकृत

बोधार्थः
श्री नीति योजना शाखा, स्वास्थ्य बीमा बोर्ड ।
श्री सूचना प्रविधि शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकुः *यसै अनुसार व्यवस्थापन गर्नु हुन ।*
श्री दाबी व्यवस्थापन शाखा, स्वास्थ्य बीमा बोर्ड ।
श्री प्रदेश शाखा कार्यालयहरू (सात वटै)